# प्रदेश आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८२

*मिति २०८२।१२।२३ गतेसम्म भएको संशोधनसमेत मिलाइएको।*

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

बागमती प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

हेटौंडा, नेपाल

# प्रदेश आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८२

**प्रदेश राजपत्रमा प्रकाशित मिति**

२०८२।०८।२२

**संशोधन**

प्रदेश आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी
(पहिलो संशोधन) मापदण्ड, २०८२ २०८२।१२।२३

बागमती प्रदेश सरकारका मन्त्रालय एवम् मातहत निकायबाट कार्यान्वयन हुने बहुवर्षीय आयोजना छनोट तथा व्यवस्थापनलाई मापदण्डमा आधारित बनाउन र स्रोतको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक भएकोले यस्ता आयोजनाको बहुवर्षीय ठेक्का सहमति दिने कार्यलाई व्यवस्थित गर्न,

प्रदेश विनियोजन ऐन, २०८२ को दफा ११ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी बागमती प्रदेश सरकारले यो मापदण्ड बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम "प्रदेश आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८२" रहेको छ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क) "आयोग" भन्नाले प्रदेश नीति तथा योजना आयोग, बागमती प्रदेशलाई सम्झनु पर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ख) "आयोजना" भन्नाले प्रदेश सरकार अन्तर्गतका मन्त्रालय वा निकायको वार्षिक बजेट तथा कार्यक्रममा समावेश भएका दफा ४ बमोजिमका आयोजना मध्ये बहुवर्षीय रुपमा ठेक्का व्यवस्थापन गर्नु पर्ने, प्रदेश गौरवका आयोजना वा प्रदेश सरकारको उच्च प्राथमिकता प्राप्त आयोजना वा त्यस्ता आयोजनाको कुनै खण्ड वा उपखण्ड सम्झनु पर्छ र सो शब्दले प्रदेश सरकारसँगको सहलगानीमा एक आर्थिक वर्षभन्दा बढी अवधिमा कार्यान्वयन गर्नुपर्ने आयोजनालाई समेत जनाउँछ।

(ग) "प्रदेश गौरवको आयोजना" भन्नाले प्रदेश सरकारले प्रदेश गौरवको आयोजनाको रूपमा तोकेको आयोजना सम्झनु पर्छ।

(घ) "बहुवर्षीय ठेक्का" भन्नाले प्रदेश गौरवका आयोजनाको हकमा आयोजनाको अवधिभर र अन्य आयोजनाको हकमा दुई आर्थिक वर्षभन्दा बढी चार आर्थिक वर्षसम्मको ठेक्का सम्झनु पर्छ।

(ङ) "मन्त्रालय वा निकाय" भन्नाले बहुवर्षीय आयोजनाको व्यवस्थापन गर्ने प्रदेश सरकारको विषयगत मन्त्रालय वा निकाय सम्झनु पर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(च) "सहलगानी" भन्नाले प्रदेश सरकार र स्थानीय तहबिच तोकिएको अंशमा लगानीको सम्झौता बमोजिम कार्यान्वयन हुने आयोजना सम्झनु पर्छ।

(छ) "स्रोत सहमति" भन्नाले बहुवर्षीय ठेक्काको लागि यस मापदण्डको दफा ६ बमोजिम सम्बन्धित मन्त्रालयको बजेट सीमाबाट व्यवस्थापन हुने गरी आर्थिक मामिला तथा योजना मन्त्रालयले उपलब्ध गराएको सहमति सम्झनु पर्छ।

३. **आयोजना प्रस्ताव पेश गर्ने:** (१) आयोजनाको बहुवर्षीय ठेक्का सहमतिका लागि मन्त्रालय वा निकायले देहायको विवरण सहित आयोजना छनौट गरी *२०८३ साल वैशाख पाँच गतेभित्रमा आयोगमा प्रस्ताव पेश गर्नु पर्नेछः-

(क) अनुसूची- १ बमोजिमको आयोजना प्रस्ताव फाराम,

(ख) मध्यमकालीन खर्च संरचनामा उल्लेख भए अनुसार पहिलो तीन आर्थिक वर्षको चालु, पुँजीगत र वित्तीय व्यवस्थाको बजेट, स्रोत र प्रमुख क्रियाकलाप सहितको विवरण,

(ग) अनुसूची- २ बमोजिमको आयोजनाको लागि बहुवर्षीय ठेक्का पूर्व स्वीकृति सम्बन्धमा आवश्यक आधार पूरा गरेको चेकलिष्ट,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

* पहिलो संशोधनद्वारा संशोधित।

(घ) आयोजनाको लागत व्यहोर्ने स्रोत स्पष्ट खुलेको विवरण, र

(ङ) प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्ट गरेको विवरण।

(२) उपदफा (१) बमोजिम आयोजना प्रस्ताव प्राप्त भएपछि आयोगले मूल्याङ्कन गरी बहुवर्षीय ठेक्का कार्यान्वयन गर्न उपयुक्त देखेमा *<u>२०८३ साल वैशाख दश गतेभित्र</u> स्रोत सहमतिका लागि सिफारिस सहित आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त आयोजनाका लागि आर्थिक मामिला तथा योजना मन्त्रालयले मूल्याङ्कन गरी बहुवर्षीय ठेक्का कार्यान्वयन गर्न उपयुक्त देखेमा स्रोत उपलब्धताका आधारमा स्रोत सहमति सम्बन्धमा *<u>२०८३ साल वैशाख पन्ध्र गतेभित्र</u> निर्णय गरी सोको जानकारी आयोग र सम्बन्धित मन्त्रालय वा निकायलाई दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम स्रोतको सहमति प्राप्त भएपश्चात् सम्बन्धित मन्त्रालय वा निकायले बहुवर्षीय आयोजनाको ठेक्का स्वीकृत गर्न सक्नेछ।

४. **<u>बहुवर्षीय ठेक्का सहमति सीमाः</u>** (१) देहायका क्षेत्रमा कार्यान्वयन हुने सडक पूर्वाधारका क्षेत्रमा कुल लागत अनुमान सोह्र करोड रुपैयाँभन्दा बढी वा सरकारी भवन निर्माण र सेवा खरिद आयोजनाको

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

---

* पहिलो संशोधनद्वारा संशोधित।

हकमा कुल लागत अनुमान दश करोड रुपैयाँभन्दा बढीको आयोजनालाई आयोगको सिफारिसमा मन्त्रालयले बहुवर्षीय ठेक्का कार्यान्वयन गर्न सहमति दिन सकिनेछः-

(क) सडक, तथा अन्य यातायात पूर्वाधार,

(ख) उर्जा (नवीकरणीय ऊर्जा सहित), सिँचाई तथा जलस्रोत,

(ग) भवन, आवास, ग्रामीण तथा सहरी विकास,

(घ) खानेपानी तथा सरसफाई,

(ङ) फोहोरमैला व्यवस्थापन तथा ल्याण्डफिल्ड साइट,

(च) भू तथा जलाधार व्यवस्थापन र नदी नियन्त्रण,

(छ) खेलकुद पूर्वाधार,

(ज) ठूला पर्यटन पूर्वाधार,

(झ) सांस्कृतिक, धार्मिक र पुरातात्त्विक पूर्वाधार संरक्षण,

(ञ) फोहोरमैला व्यवस्थापन तथा वैज्ञानिक ल्याण्डफिल्ड साइट।

(२) उपदफा (१) मा उल्लिखित सीमाभन्दा कम लागत अनुमान भएका आयोजना मन्त्रालय वा निकायले सालबसाली रूपमा कार्यान्वयन गर्नु पर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालय वा निकायले उपदफा (१) मा उल्लिखित सीमाभन्दा कम लागत भएका र आयोजनाको अवधि दुई वर्ष वा सोभन्दा कम भएका

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

आयोजनालाई विनियोजित रकम भन्दा बढी अङ्कको ठेक्का प्रक्रिया अगाडि बढाउनु पर्ने भएमा सोको पुष्टयाइँ सहित अनुसूची- ३ र अनुसूची- ४ बमोजिमको फाराम भरी आर्थिक मामिला तथा योजना मन्त्रालयमा स्रोत सहमतिका लागि लेखी पठाउन सक्नेछ।

तर यसरी प्रस्ताव गरिने आयोजनाको हकमा चालु आर्थिक वर्षमा उक्त आयोजनाको लागि कूल लागत अनुमानको कम्तीमा एक तिहाइ बजेट विनियोजन भएको हुनु पर्नेछ।

(४) उपदफा (१) र उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि मोटरेवल पुल र झोलुङ्गेपुलको हकमा रकमको सीमा लागू हुने छैन।

५. **<u>बहुवर्षीय ठेक्का सहमति वा स्वीकृतिका आधारः</u>** (१) कुनै आयोजनालाई बहुवर्षीय आयोजनाको रुपमा प्रस्ताव गर्ने सम्बन्धित मन्त्रालय वा निकायले देहायका मापदण्ड तथा आधारहरु अबलम्वन गर्नु पर्नेछः-

(क) बहुवर्षीय ठेक्काका लागि प्रस्तावित आयोजनाको निर्माण सम्पन्न हुने अवधि चार वर्षसम्म भएमा लागत अनुमानको कम्तीमा पच्चीस प्रतिशत र तीन वर्षसम्म भएमा लागत अनुमानको कम्तीमा तीस प्रतिशत बजेट चालु आर्थिक वर्षमा विनियोजन भएको,

तर प्रदेश सरकार, मन्त्रिपरिषद्को निर्णयबाट सञ्चाल हुने आयोजनाको हकमा बहुवर्षीय

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

ठेक्काको सहमति वा स्वीकृति प्रदान गर्न यो सीमा लागू हुने छैन।

(ख) प्रदेशको "वार्षिक आयोजना छनौट कार्यविधि, २०७८" बमोजिम आयोजनाको प्राथमिकीकरणमा P1 मा परेको,

(ग) मन्त्रालय वा निकायबाट विस्तृत आयोजना प्रतिवेदन वा विस्तृत इञ्जिनियरिङ्ग डिजाइन स्वीकृत भएको,

(घ) डिजाइन र निर्माण ठेक्का सम्झौता (डिजाइन एण्ड बिल्ट मोड अफ कन्ट्रायाक्ट) बाहेक अन्य ठेक्काको हकमा आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन वा प्रारम्भिक वातावरणीय परीक्षण वा संक्षिप्त वातावरणीय परीक्षण प्रतिवेदन सम्पन्न भएको,

(ङ) आयोजनाको लागि अधिग्रहण गर्नु पर्ने वा प्राप्ति गर्नु पर्ने जग्गा अधिग्रहण वा प्राप्तिको प्रक्रिया टुङ्गिएको,

(च) मध्यमकालीन खर्च संरचनामा समावेश भएको,

(छ) खरिद गुरुयोजना, कार्यान्वयन कार्ययोजना, अनुगमन तथा मुल्याङ्कन योजना र वार्षिक खरिद योजना तयार भएको,

(ज) आयोजना कार्यान्वयन स्थलको साइट क्लियरेन्स भएको,

(झ) प्रदेश सरकारसँगको सहलगानीमा सञ्चाल हुने आयोजना भए साझेदारीको प्रकृति र लाभ-लागत अनुपात उपयुक्त भएको तथा सहलगानीको प्रतिबद्धता प्राप्त भएको।

(२) सम्बन्धित मन्त्रालय वा निकायबाट दफा ४ को उपदफा (३) बमोजिम प्रस्तावित आयोजनाको लागि बहुवर्षीय ठेक्का प्रक्रिया अगाडि बढाउँदा देहायका मापदण्ड तथा आधारहरु पूरा गर्नु पर्नेछः-

(क) मन्त्रालय वा निकायबाट विस्तृत आयोजना प्रतिवेदन वा विस्तृत इञ्जिनियरिङ्ग डिजाइन स्वीकृत भएको,

(ख) आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन वा प्रारम्भिक वातावरणीय परीक्षण वा संक्षिप्त वातावरणीय परीक्षण प्रतिवेदन सम्पन्न भएको,

(ग) आयोजनाको लागि अधिग्रहण गर्नु पर्ने वा प्राप्ति गर्नु पर्ने जग्गा अधिग्रहण वा प्राप्तिको प्रक्रिया टुङ्गिएको,

(घ) मध्यमकालीन खर्च संरचनामा समावेश भएको,

(ङ) खरिद गुरुयोजना, कार्यान्वयन कार्ययोजना र वार्षिक खरिद योजना तयार भएको,

(च) आयोजना कार्यान्वयन स्थलको साइट क्लियरेन्स भएको,

(छ) प्रदेश सरकारसँगको सहलगानीमा सञ्चाल हुने आयोजना भए साझेदारीको प्रकृति र लाभ-लागत अनुपात उपयुक्त भएको र सहलगानीको प्रतिबद्धता प्राप्त भएको।

६. **बहुबर्षीय ठेक्काको स्रोत सहमति सम्बन्धी व्यवस्थाः** (१) दफा ४ बमोजिमका आयोजनामा दफा ५ बमोजिमका आधारहरु पूरा गरी बहुवर्षीय ठेक्का कार्यान्वयनका लागि सहमति माग भई आएमा प्रस्ताव पेश गर्ने मन्त्रालय वा निकायको विनियोजित बजेट र प्रदेश सरकारको वित्तीय अवस्था समेतको आधारमा आर्थिक मामिला तथा योजना मन्त्रालयले बहुवर्षीय ठेक्का कार्यान्वयन गर्न स्रोत सहमति स्वीकृत गर्न सक्नेछ।

(२) प्रदेश गौरवका आयोजना बाहेकका आयोजनाको हकमा यस मापदण्डको अधीनमा रही प्रदान गरिएको बहुवर्षीय ठेक्काको स्रोत सहमतिको अवधि बढीमा चार आर्थिक वर्षको हुनेछ।

(३) बहुवर्षीय ठेक्काको स्रोत सहमतिबाट आगामी आर्थिक वर्षका लागि सिर्जना हुने दायित्व बरावरको रकम सोही आर्थिक वर्षमा सम्बन्धित मन्त्रालय वा निकायलाई प्राप्त बजेट सीमा भित्रबाट इयरमार्क गरी व्यवस्थापन गर्नु पर्नेछ।

(४) सहलगानीको आयोजनाका सम्बन्धमा प्रदेश सरकारले व्यहोर्ने अंशको लागि मात्र बहुवर्षीय ठेक्काको स्रोत सहमति प्रदान गरिनेछ।

(५) बहुवर्षीय ठेक्काको स्रोत सहमति प्राप्त भएको आयोजनाको सोही आर्थिक वर्षभित्र ठेक्का सम्झौता नभएमा त्यस्तो सहमति स्वतः रद्द हुनेछ।

७. **<u>स्रोत सहमति सम्बन्धी अन्य व्यवस्थाः</u>** बहुवर्षीय आयोजनामा स्रोत सहमति माग गर्दा मन्त्रालय वा निकायले आगामी आर्थिक वर्षको लागि प्राप्त हुनसक्ने अनुमानित बजेट सीमाको आधारमा विगतका आर्थिक वर्षहरुमा स्रोत सहमति भएको आयोजनाको लागि आवश्यक बजेट छुट्याई बाँकी हुने रकम यकिन गरी नयाँ आयोजनालाई समेत स्रोत आवश्यक पर्ने पक्षलाई ध्यान दिई स्रोत सहमति माग गर्नुपर्नेछ।

८. **<u>कार्यान्वयन गर्ने जिम्मेवारीः</u>** (१) बहुवर्षीय ठेक्काका लागि स्रोत सहमति प्राप्त आयोजना सञ्चाल गर्ने जिम्मेवारी सम्बन्धित मन्त्रालय वा निकायको हुनेछ।

(२) मन्त्रालयले वा निकायले बहुवर्षीय ठेक्का स्वीकृत भएका आयोजनाका लागि वार्षिक बजेट प्रस्ताव गर्दा आगामी आर्थिक वर्षका लागि आवश्यक बजेट रकम अनिवार्य रूपमा प्रस्ताव गर्नु पर्नेछ। सो बमोजिम बजेट प्रस्ताव भएको नपाइएमा आर्थिक मामिला तथा योजना मन्त्रालयले सम्बन्धित मन्त्रालयलाई उपलब्ध गराइएको बजेट सीमाबाट कटौती गरी व्यवस्थापन गर्न सक्नेछ।

(३) मन्त्रालय वा निकायले प्रत्येक वर्ष बहुवर्षीय ठेक्का सहमति वा स्वीकृतिको विवरण मन्त्रालयगत बजेट सूचना प्रणालीमा अद्यावधिक गर्नु पर्नेछ।

(४) बहुवर्षीय ठेक्काको सहमति वा स्वीकृति भएका आयोजनाको अनुगमन तथा मूल्याङ्कन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आयोग, आर्थिक मामिला तथा योजना मन्त्रालय र सम्बन्धित मन्त्रालय वा निकायले गर्नेछ।

९. **<u>स्पष्ट गर्न सक्नेः</u>** यस मापदण्डमा उल्लेख गरिएको विषयमा कुनै द्विविधा भएमा आर्थिक मामिला तथा योजना मन्त्रालयले आवश्यक व्याख्या गरी स्पष्ट गर्न सक्नेछ।

१०. **<u>स्रोत सहमति स्थगन वा खारेज गर्न सकिनेः</u>** प्रदेश सरकारलाई प्राप्त हुने राजश्व बाँडफाट बापतको रकम, वित्तीय समानीकरण अनुदान र आन्तरिक राजस्व प्राप्ति लक्ष्य भन्दा कम भई स्रोत व्यवस्थापनमा समस्या भएमा आर्थिक मामिला तथा योजना मन्त्रालयले ठेक्का वा खरिद सम्झौता भई सकेका आयोजना बाहेक अन्य आयोजना कार्यान्वयनका लागि स्वीकृत गरिएको स्रोत सहमति जुनसुकै बखत स्थगन वा खारेज गर्न सक्नेछ।

११. **<u>अनुसूची हेरफेर वा थपघट गर्न सक्नेः</u>** यस मापदण्डको अनुसूचीमा कुनै हेरफेर वा थपघट गर्नु पर्ने भएमा आर्थिक मामिला तथा योजना मन्त्रालयले हेरफेर वा थपघट गर्न सक्नेछ।

१२. **<u>खारेजी र बचाउः</u>** (१) बागमती प्रदेश आयोजनाको बहुवर्षीय ठेक्का सम्बन्धी मापदण्ड, २०८१ खारेज गरिएको छ।

(२) बागमती प्रदेश आयोजनाको बहुवर्षीय ठेक्का सम्बन्धी मापदण्ड, २०८१ बमोजिम भए गरेका कामकारवाही यसै मापदण्ड बमोजिम भए गरेको मानिनेछ।

## अनुसूची- १

(दफा ३ को उपदफा (१) को खण्ड (क) सँग सम्बन्धित)

## बहुवर्षीय ठेक्का बन्दोबस्तका लागि प्रस्तावित आयोजनाको विवरण ढाँचा

बागमती प्रदेश सरकार

..............मन्त्रालय

## आयोजना प्रस्ताव फाराम

**खण्ड (क) : आयोजनको आधारभूत विवरण**

१. आयोजनको नाम :

२. आयोजनाको लक्ष्य :

३. आयोजनाको उद्देश्य :

४. आयोजनको प्रतिफल :

५. आयोजनाको किसिमः

सेवा प्रधान ☐ अनुसन्धान प्रधान ☐ उत्पादन प्रधान ☐

निर्माण प्रधान ☐ सुशासन ☐

६. आयोजना कार्यान्वयन हुने क्षेत्र र छनोट गर्दा अपनाइएका आधारहरू :

(क) कार्यान्वयन क्षेत्र : जिल्ला प्रादेशिक निर्वाचन क्षेत्र न.पा./गा.पा.

(ख) छनोटका आधारहरू :

७. आयोजनाको कुल लागत :

८. आयोजनाको अवधि (प्रस्तावित जम्मा वर्ष) :

(क) सुरु हुने मिति : (ख) सम्पन्न हुने मिति :

९. आयोजना कार्यान्वयन गर्ने निकाय :

**खण्ड (ख) : आयोजनको वित्तीय/आर्थिक विवरण :**

१०. आयोजनाको कुल लागत र स्रोतको विवरण (रु. हजारमा)

| स्रोतको विवरण | भुक्तानी प्रकार | आन्तरिक स्रोत | | वैदेशिक स्रोत | | |
|---|---|---|---|---|---|---|
| | | बागमती प्रदेश सरकार | स्थानीय सरकार | अनुदान | ऋण | प्राविधिक सहायता |
| प्रदेश सरकार | | | | | | |
| दातृ निकाय | | | | | | |
| आन्तरिक/बाह्य | | | | | | |
| प्राविधिक सहायता | | | | | | |
| स्रोतगत जम्मा | | | | | | |
| कुल लागत | | | | | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

११. आयोजनको कूल रकमको अनुमानित वार्षिक बाँडफाँट (रु. हजारमा)

| आर्थिक वर्ष | बाँडफाँट | कार्य परिमाण |
|---|---|---|
| | | |
| | | |
| | | |

१२. परामर्शदाता सम्बन्धी विवरणः

(क) आयोजनामा रहने कुल परामर्शदाताको सङ्ख्याः

स्वदेशीः

विदेशीः

(ख) आयोजनामा रहने कुल परामर्शदाताको वार्षिक बाँडफाँट रकम (रु. हजारमा):

| आर्थिक वर्ष | अनुमानित खर्च | |
|---|---|---|
| | स्वदेशी | विदेशी |
| | | |
| | | |
| जम्मा | | |

१३. आयोजनको ठेक्का संख्या र रकम :

| आयोजना अवधिको | |
|---|---|
| संख्या | रकम |
| | |

१४. आयोजनाको सम्भाव्यता अध्ययनः

(क) आर्थिक र प्राविधिक सम्भाव्यता अध्ययन भएको छ, छैन ? नभएको भए हुनु नपर्ने कारण :

(ख) आर्थिक र प्राविधिक सम्भाव्यता अध्ययन भएको वर्ष :

(ग) आर्थिक र प्राविधिक सम्भाव्यता अध्ययनको निष्कर्ष :

१५. आयोजनको आर्थिक तथा वित्तीय विश्लेषण :

(क) लागत फिर्ता अवधि (Pay-back Period)

(ख) लाभ-लागत अनुपात (Benefit cost Ratio)

(ग) वित्तीय प्रतिफल दर (Financial Internal Rate of Return –FIRR)

(घ) आर्थिक प्रतिफल दर (Economic Internal Rate of Return – EIRR)

(ङ) खुद वर्तमान मूल्य (Net Present Value – NPV)

(च) लागत प्रभावकारिता अध्ययन (Cost Effectiveness Analysis)

(छ) सम्भाव्यता अध्ययन गर्ने निकायः

१६. वातावरणीय अध्ययनको संक्षिप्त विवरण (नभएको भए कारण उल्लेख गर्ने) :

१७. आयोजना कार्यान्वयनबाट हुने लाभ र लाभको प्रकृतिः

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(क) लाभान्वित हुने कूल जनसंख्याः

| महिला | बालबालिका | आदिवासी जनजाति | दलित | मधेशी | मुस्लिम | अन्य |
|---|---|---|---|---|---|---|
| | | | | | | |

(ख) रोजगारी सिर्जना संख्या (श्रम दिन):

(ग) उत्पादनमा वृद्धि हुने अनुमानित परिमाणः

(घ) क्षेत्रीय सन्तुलनमा हुने योगदानः

**खण्ड (ग) : प्रशासनिक तथा व्यवस्थापकीय विवरण :**

१८. आयोजनाको लागि जग्गा प्राप्तिको अवस्था

(क) आवश्यक जग्गाः

(ख) जग्गा प्राप्त भएको/नभएकोः

(ग) जग्गाको प्रकारः

(घ) प्राप्त भएको जग्गाको स्थान, क्षेत्रफल र कित्ता नं.:

(ङ) जग्गा प्राप्तिको माध्यमः

१९. आयोजनाको अनुगमन तथा मूल्याङ्कन गर्ने संस्थागत व्यवस्था :

(क) अनुगमन तथा मूल्याङ्कनका लागि छुट्याइएको रकम :

(ख) प्रदेश सरकारबाट गरिने अनुगमन तथा मूल्याङ्कनको विवरण :

(ग) आयोजनाको प्रतिफल र प्रभाव हेर्ने सूचक विवरण :

२०. मध्यमकालीन खर्च संरचना (Medium Term Expenditure Framework –MTEF) अनुरूप आयोजनाको प्राथमिकताक्रम : पहिलो प्राथमिकता ☐ दोस्रो प्राथमिकता ☐

२१. आयोजनको दिगोपना र सम्पन्न भएपछि सञ्चाल (Phase-out Plan) सम्बन्धी व्यवस्थाः

..................

प्रमाणित गर्ने

सचिव

....... मन्त्रालय

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## अनुसूची- २

(दफा ३ को उपदफा (१) को खण्ड (ग) सँग सम्बन्धित)

**<u>आयोजनाको लागि बहुवर्षीय ठेक्का पूर्व स्वीकृति सम्बन्धमा आवश्यक आधार पूरा गरेको चेकलिष्ट</u>**

| क्र सं | विवरण | भएको | नभएको | कैफियत |
|---|---|---|---|---|
| १ | प्रदेश सरकारले प्रदेश गौरवको आयोजनाको रुपमा स्वीकृत गरेका आयोजना | | | |
| २ | कुल लागत अनुमान सोह्र करोड रुपैयाँ भन्दा बढी वा सरकारी भवन निर्माण र सेवा खरिद आयोजनाको हकमा कूल लागत अनुमान दश करोड रुपैयाँ भन्दा बढी भएको, | | | |
| ३ | प्रदेश गौरवको आयोजनाको हकमा बाहेक बहुवर्षीय ठेक्काका लागि प्रस्तावित आयोजनाको निर्माण सम्पन्न हुने अवधि चार वर्ष सम्म भएमा लागत अनुमानको कम्तीमा पच्चीस प्रतिशत, तीन वर्षसम्म भएमा लागत अनुमानको कम्तीमा तीस प्रतिशत र दुई वर्षसम्म भएमा लागत अनुमानको कम्तीमा चालीस प्रतिशत बजेट चालु आर्थिक वर्षमा विनियोजन भएको, | | | |
| ४ | प्राथमिकता निर्धारण सम्बन्धमा प्रदेशको "वार्षिक आयोजना छनौट कार्यविधि, २०७८" बमोजिम आयोजनाको प्राथमिकिकरणमा P1 मा परेको, | | | |
| ५ | बहुवर्षीय ठेक्कामा जाने आयोजनाको ठेक्काको समय सीमा कम्तीमा दुई वर्ष भएको, | | | |
| ६ | सम्बन्धित मन्त्रालयबाट वा निकायबाट विस्तृत आयोजना प्रतिवेदन वा विस्तृत इन्जिनियरिङ डिजाइन स्वीकृत भएको, | | | |
| ७ | डिजाइन र निर्माण ठेक्का सम्झौता (डिजाइन एण्ड बिल्ट मोड अफ कन्ट्रायाक्ट) बाहेक अन्य ठेक्काको हकमा | | | |

| | | | | |
|---|---|---|---|---|
| | आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन वा प्रारम्भिक वातावरणीय परीक्षण वा संक्षिप्त वातावरणीय प्रतिवेदन सम्पन्न भएको, | | | |
| ८ | आयोजनाको लागि अधिग्रहण गर्नुपर्ने वा प्राप्ति गर्नुपर्ने जग्गा अधिग्रहण वा प्राप्तिको प्रक्रिया टुङ्गिएको, | | | |
| ९ | मध्यमकालीन खर्च संरचनामा समावेश भएको, | | | |
| १० | वैदेशिक सहायता संलग्न भएको आयोजनाको हकमा दातृ निकायसँग सम्झौता भई स्रोत सुनिश्चितता भएको | | | |
| ११ | खरिद गुरुयोजना, कार्यान्वयन कार्ययोजना, अनुगमन तथा मुल्यांकन योजना र वार्षिक खरिद योजना तयार भएको | | | |
| १२ | आयोजना कार्यान्वयन स्थलको साइट क्लियरेन्स भएको, | | | |
| १३ | प्रदेश सरकारसँगको सहलगानीमा सञ्चाल हुने आयोजना भए साझेदारीको प्रकृति र लाभ लागत अनुपात उपयुक्त भएको र सहलगानीको प्रतिबद्धता प्राप्त भएको। | | | |

| **तयार गर्नेः** | **पेश गर्नेः** | **स्वीकृत गर्नेः** |
|---|---|---|
| दस्तखतः | दस्तखतः | दस्तखतः |
| नाम, थरः | नाम, थरः | नाम, थरः |
| पदः | पदः | पदः |
| मितिः | मितिः | मितिः |

# अनुसूची- ३

(दफा ४ को उपदफा (३) सँग सम्बन्धित)

प्रदेश सरकार

........................ मन्त्रालय

## <u>आयोजनाको बहुवर्षीय ठेक्काको स्रोत सहमति माग प्रस्ताव फाराम</u>

**(क) आयोजनाको आधारभूत विवरणः**

१. आयोजनाको नामः

नेपालीमाः

अङ्ग्रेजीमाः

२. आयोजनाको लक्ष्यः

३. आयोजनाको उद्देश्यः

४. आयोजनाको प्रतिफलः

५. आयोजनाको किसिमः

सेवा प्रधान अनुसन्धान प्रधान उत्पादन प्रधान

निर्माण प्रधान सुशासन प्रधान

६. आयोजना कार्यान्वयन हुने क्षेत्र र छनौट गर्दा अपनाइएका आधारः

(क) कार्यान्वयनको क्षेत्र जिल्ला निर्वाचन क्षेत्र

न पा/गा पाः

(ख) छनोट आधारः

७. आयोजनाको कुल लागतः

८. आयोजनाको अवधि (प्रस्तावित जम्मा वर्ष)

(क) शुरु हुने मितिः

(ख) सम्पन्न हुने मितिः

९. आयोजना कार्यान्वयन गर्ने निकायः

**(ख) आयोजनाको वित्तीय आर्थिक विवरणः**

१०. आयोजनाको कूल लागत र स्रोतको विवरण (रु हजारमा)

११. आयोजनाको कूल रकमको वार्षिक बाँडफाँट (रु हजारमा)

| आर्थिक वर्ष | बाँडफाँट |
|---|---|
| | |
| | |

१२. आयोजना कार्यान्वयनबाट हुने लाभ र लाभको प्रकृतिः

(क) लाभान्वित हुने कूल जनसंख्याः

| महिला | बालबालिका | आदिवासी जनजाति | दलित | मधेशी | मुस्लिम | अन्य |
|---|---|---|---|---|---|---|
| | | | | | | |

बागमती प्रदेश

(ख) रोजगारी सिर्जना संख्या (श्रम दिन):

(ग) उत्पादनमा वृद्धि हुने अनुमानित परिमाणः

(घ) क्षेत्रीय सन्तुलनमा हुने योगदानः

१३. मन्त्रालयबाट स्वीकृत विस्तृत आयोजना प्रतिवेदन वा विस्तृत इन्जिनियरिङ डिजाइनको संक्षिप्त विवरणः

१४. आयोजनाको वातावरणीय प्रभाव मुल्यांकन वा प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन वा संक्षिप्त वातावरणीय प्रतिवेदनको संक्षिप्त विवरणः

१५. आयोजनाको खरिद गुरुयोजना, कार्यान्वयन कार्ययोजना, र वार्षिक खरिद योजनाको विवरणः

१६. प्रदेश सरकारसँग सहलगानीमा सञ्चाल हुने आयोजना भए साझेदारीको प्रकृति र लाभ लागत अनुपात र स्रोत समेत सुनिश्चित भएको विवरणः

१७. वैदेशिक सहायता संलग्न भएको आयोजनाको हकमा दातृ निकायसँग सम्झौता भई स्रोत सुनिश्चितता भएको विवरणः

| <u>तयार गर्नेः</u> | <u>पेश गर्नेः</u> | <u>स्वीकृत गर्नेः</u> |
|---|---|---|
| दस्तखतः | दस्तखतः | दस्तखतः |
| नाम थरः | नाम थरः | नाम थरः |
| पदः | पदः | पदः |

## अनुसूची- ४

(दफा ४ को उपदफा (३) सँग सम्बन्धित)

प्रदेश सरकार

........................ मन्त्रालय

### आयोजनाको लागि बहुवर्षीय ठेक्काको स्रोत सहमति माग गर्दा आवश्यक आधार पूरा गरेको चेकलिष्ट

| क्र सं | विवरण | भएको | नभएको | कैफियत |
|---|---|---|---|---|
| १ | मन्त्रालयबाट विस्तृत आयोजना प्रतिवेदन वा विस्तृत इन्जिनियरिङ डिजाइन स्वीकृत भएको | | | |
| २ | आयोजना कार्यन्वयन स्थलको साइट क्लीयरेन्स भएको | | | |
| ३ | आयोजनाको वातावरणीय प्रभाव मुल्यांकन वा प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन वा संक्षिप्त वातावरणीय प्रतिवेदनको कार्य सम्पन्न भएको | | | |
| ४ | आयोजनाको लागि अधिग्रहण गर्नु पर्ने वा प्राप्ति गर्नु पर्ने जग्गा अधिग्रहण वा प्राप्तिको प्रक्रिया टुङ्गिएको, | | | |
| ५ | मध्यमकालीन खर्च संरचनामा समावेश भएको, | | | |
| ६ | वैदेशिक सहायता संलग्न भएको आयोजनाको आयोजनाको हकमा दातृ निकायसँग सम्झौता भई स्रोत सुनिश्चितता भएको, | | | |
| ७ | खरिद गुरुयोजना, कार्यान्वयन कार्ययोजना र वार्षिक खरिद योजना तयार भएको, | | | |
| ८ | प्रदेश सरकारसँगको सहलगानीमा सञ्चाल हुने आयोजना भए साझेदारीको प्रकृति र लाभ लागत अनुपात उपयुक्त भएको र सहलगानीको प्रतिबद्धता प्राप्त भएको। | | | |

| <u>तयार गर्नेः</u> | <u>पेश गर्नेः</u> | <u>स्वीकृत गर्नेः</u> |
|---|---|---|
| दस्तखतः | दस्तखतः | दस्तखतः |
| नाम, थरः | नाम, थरः | नाम, थरः |
| पदः | पदः | पदः |